## • वस्तुगत प्रश्नोत्तर

१. **प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा सङ्घीय संसद्को प्रतिनिधिसभा कहिले विघटन गरियो ?**
✍ विक्रम संवत् २०७७ पुस ५ ।



- प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्को निर्णयबमोजिम प्रतिनिधिसभा विघटन गरी अर्को प्रतिनिधिसभाको निर्वाचनका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेअनुरूप राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा सो सिफारिस स्वीकृत भएपश्चात् वर्तमान प्रतिनिधिसभा विघटन हुन पुगेको छ ।
- साथै, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई सोहीबमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएबमोजिम राष्ट्रपतिद्वारा ताजा जनादेशमा जान २०७८ वैशाख १७ र २७ गते दुई चरणमा निर्वाचन हुनेगरी मिति तोक्नुभएको छ ।
- विसं २०७४ मङ्सिर १० र २१ गते दुई चरणमा भएको निर्वाचनबाट बनेको प्रतिनिधिसभाको कार्यकाल अझै दुई वर्ष बाँकी छँदा नै मध्यावधि निर्वाचन हुन लागेको हो ।
- कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट देश आर्थिक तथा अन्य सङ्कटमा परेका बेला खासगरी सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको आन्तरिक मतभेद चुलिँदै जाँदा प्रधानमन्त्री ओलीद्वारा प्रतिनिधिसभाको विघटन गरी निर्वाचनमा जाने निर्णय लिइएको ।
- प्रतिनिधिसभा विघटनसँगै द्विसदनात्मक सङ्घीय व्यवस्थापिकामा अब संविधानतः स्थायी सभा राष्ट्रियसभा मात्र बाँकी रहनेछ ।

२. **नेपाल प्रज्ञाप्रतिष्ठानले 'नेपाल प्रज्ञालङ्कार' पुरस्कारबाट कसलाई सम्मानित गर्‍यो ?**
✍ चिनियाँ प्रोफेसर वाङ हङवेई (पुरस्कार राशि : तीन हजार अमेरिकी डलर)
- प्रोफेसर वाङलाई भाषा, साहित्य एवम् कूटनीतिको क्षेत्रबाट नेपालको विकासमा योगदान पुर्‍याएबापत सो सम्मान प्रदान गरिएको ।
- उक्त प्रज्ञालङ्कार विदेशी नागरिकलाई दिइने विशिष्ट प्रज्ञा सम्मान हो ।
- प्रतिष्ठानको ३५औँ प्रज्ञासभाले नेपाल सामाजिकशास्त्र/संस्कृति/दर्शनशास्त्र पुरस्कार (राशि : २ लाख) प्रा.डा. वीरेन्द्रप्रसाद मिश्र एवम् नेपाल प्रज्ञा भाषा पुरस्कार (राशि : २ लाख) प्रा.डा. तेजरत्न कंसाकारलाई प्रदान गरिएको ।
- त्यस्तै, एक लाख रुपियाँ राशिको नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार हरिहर खनाल र रविमान लम्जेल, पहाड र तराईमा बोलिने मातृभाषा साहित्यतर्फ पूर्ण वैद्य, इन्द्रबहादुर गुरुङ, चतुर्भुजलाल दास केवरत र हंसावती कुर्मीलाई प्रदान गरिएको ।
- त्यसैगरी, दुई/दुई लाख रुपियाँ राशिको भानु प्रज्ञा अन्तरदेशीय नेपाली साहित्य पुरस्कार भारत आसामका लीलबहादुर क्षेत्री एवम् नेपाल प्रज्ञा पुरस्कार कृष्ण प्रकाश श्रेष्ठलाई प्रदान गरिएको ।

३. **विश्वचर्चित फोर्ब्स म्यागेजिनद्वारा हालै प्रकाशित बढी कमाइ गर्ने सेलिब्रेटीहरूको सूचीमा पहिलो स्थानमा पर्न सफल व्यक्तित्व को हुन् ?**
✍ अमेरिकी टेलिभिजनकर्मी तथा कस्मेटिक व्यवसायी काइली जेनर
- काइलीले यसपटक ५ सय ४० मिलियन डलर कमाइ गरेर अन्य सेलिब्रेटीलाई पछाडि पारेकी ।
- यसैगरी, सबैभन्दा बढी कमाइ गर्ने दोस्रो सेलिब्रेटीमा काइलीकै सौतेनी बहिनी किम कार्डसियनका पति तथा र्‍यापर कान्या वेस्ट परेका ।
- त्यसैगरी, सो सूचीमा तेस्रोदेखि पाँचौं स्थानसम्म क्रमशः चर्चित टेनिस खेलाडी रोजर फेडरर, पोर्चुगलका फुटबल खेलाडी क्रिस्टियानो रोनाल्डो तथा अर्जेन्टिनाका फुटबल सुपरस्टार लियोनल मेसी रहेका ।

४. **संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी) ले सन् २०२० डिसेम्बर १६ मा सार्वजनिक विश्वव्यापी मानव विकास सूचकाङ्क प्रतिवेदन-२०२० अनुसार नेपाल कति औँ स्थानमा रहेको छ ?**
✍ १४२औँ ।
- यसअघि सन् २०१८ मा नेपाल १४७औँ स्थानमा रहेको थियो ।
- प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचक ०.६०२ पुगेको छ । अघिल्लो वर्ष यस्तो सूचक ०.५९६ थियो ।
- तर, राष्ट्रिय योजना आयोग र युएनडीपीकै सहकार्यमा २०७७ मङ्सिर २८ गते सार्वजनिक नेपाल मानव विकास सूचकाङ्क प्रतिवेदनले भने नेपालको सूचक ०.५८७ मात्र देखाएको थियो ।

दक्षिण एसियाली राष्ट्रहरूको स्थिति
७२औँ : श्रीलङ्का ।
९५औँ : माल्दिभ्स ।
१२९औँ : भुटान ।
१३१औँ : भारत ।
१३३औँ : बङ्गलादेश ।
१४२औँ : नेपाल ।
१५४औँ : पाकिस्तान ।
१६९औँ : अफगानिस्तान । प्रतिवेदनमा १८९ देश समेटिएका । प्रतिवेदनअनुसार नेपालको औसत आयु ७० वर्ष ८ महिना पुगेको । विद्यालयमा बिताउने समय १२ वर्ष ८ महिना रहेको ।

- प्रतिवेदनअनुसार गरिबी जनसङ्ख्याको हिस्सा ३४ प्रतिशत रहेको । १५ वर्ष माथिको जनसङ्ख्यामध्ये रोजगारी प्राप्त जनसङ्ख्याको हिस्सा ८२.६ प्रतिशत रहेको ।
- कुल जनसङ्ख्याको ६५ प्रतिशत हिस्सा कृषिमा आधारित रहेको । त्यस्तै, सेवा क्षेत्रमा संलग्न जनसङ्ख्या १९.९ प्रतिशत रहेको ।
- प्रतिवेदनअनुसार कुल राष्ट्रिय आम्दानीका आधारमा प्रतिव्यक्ति आम्दानी तीन हजार ४५७ डलर पुगेको ।

५. **राष्ट्र बैङ्कका अनुसार व्यक्तिगत आवधिक कर्जामा कति अवधिसम्म बैङ्कहरूले स्थिर ब्याजदर परिवर्तन गर्न नपाउने व्यवस्था गरिएको छ ?**
✍ ७ वर्ष ।
- (त्यसपछि कर्जा अवधि बाँकी रहेमा हरेक पाँच वर्षमा ब्याजदार परिवर्तन गर्न सकिने व्यवस्था राष्ट्र बैङ्कले गरेको ।)

६. **हिमालय टेलिभिजनबाट प्रसारण हुँदै आएको चर्चित डान्स रियालिटी शो डान्सिङ विथ द स्टार्स नेपालको उपाधि जित्न सफल प्रतिभा को हुन् ?**
✍ सुमी मोक्तान र बिजु पार्की ।
- (उपाधिसँगै मोक्तान र पार्कीको जोडीले २० लाख नगद पुरस्कार तथा गिफ्ट ह्याम्पर प्राप्त गरेको ।)

७. **सरकारले 'राष्ट्रिय जलस्रोत नीति-२०७७ कहिले सार्वजनिक गरेको हो ?**
✍ विसं २०७७ पुस २ ।
- (जलस्रोतको बहुआयामिक, समन्यायिक एवम् दिगो विकास तथा बहुउपयोगबाट आर्थिक समृद्धि र सामाजिक रूपान्तरण गर्ने सोचका साथ राष्ट्रिय जलस्रोत नीति ल्याइएको ।)

८. **सन् २०२० डिसेम्बरमा ओमानको मस्कटमा भएको ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए) को ३९औँ साधारणसभाले सन् २०३० को एसियाली खेलकुद प्रतियोगिता कहाँ आयोजना गर्ने भएको छ ?**
✍ कतारको राजधानी दोहा ।
- यसैगरी, सन् २०३४ को एसियाली खेलकुद प्रतियोगिता साउदी अरेबियाको राजधानी रियादमा आयोजना गरिने भएको ।
- ओसिएको ३९औँ साधारणसभामा आयोजक राष्ट्र चयन गर्न भएको मतदानमा कतारले सर्वाधिक २७ मत प्राप्त गरेको थियो भने अर्को दाबेदार साउदी रियादले १० मत प्राप्त गरेको थियो । ८ मत तटस्थमा रहेको थियो ।
- दोहाले पछिल्लोपटक सन् २००६ मा एसियाली खेलकुदको आयोजना गरेको थियो ।

९. **अन्तर्राष्ट्रिय आप्रवासन दिवस कहिले मनाउने गरिन्छ ?**
✍ डिसेम्बर १८ ।
- (आप्रवासीहरू माथि देश, जाति, धर्म, भाषा आदिका आधारमा हुने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसङ्घबाट डिसेम्बर १८, १९९० का दिन आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्वन्धी महासन्धि १९९० पारित भएको दिनको सम्झनामा डिसेम्बर १८ का दिन यो दिवस मनाइँदै आएको ।)

१०. **म्याग्दीस्थित राहुघाट-मङ्गले जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ?**
✍ ३५.५ मेगावाट ।
- (सो आयोजनाको २०७७ मङ्सिरमा शिलान्यास गरिएको ।)

११. **नेपालको पहिलो वैज्ञानिक भनी कसलाई चिनिन्छ ?**
✍ गेहेन्द्रशमशेर ।
- (यिनले आफ्ना सहयोगीका साथ बन्दुक, तोप, स्वचालित मोटरलगायतका वस्तु बनाएका थिए ।)

१२. **प्रकाशको किरण एक माध्यमबाट अर्को माध्यममा प्रवेश गर्दा बाङ्गिने वा दिशा परिवर्तन हुने प्रक्रियालाई के भनिन्छ ?**
✍ प्रकाशको आवर्तन ।
- (फरक माध्यममा प्रकाशको गति फरक-फरक हुने भएकाले प्रकाशको आवर्तन हुन्छ ।)

१३. **प्रिज्मको प्रयोग गरी सूर्यको प्रकाशबाट विभिन्न सात रङका किरणहरू छुट्ट्याउने प्रक्रियालाई के भनिन्छ ?**
✍ प्रकाश विच्छेदन ।

१४. **प्रतिसेकेन्डमा उत्पन्न हुने जम्मा तरङ्गको सङ्ख्यालाई के भनिन्छ ?**
✍ आवृत्ति ।

१५. **न्युक्लियर्स सप्लायर्स ग्रुप (एनएसजी) को स्थापना कहिले भएको हो ?**
✍ सन् १९७४ मे ।

१६. **कुन-कुन जनगणनामा नेपालको जनसङ्ख्या वृद्धिदर ऋणात्मक थियो ?**
✍ दोस्रो र तेस्रो ।
- (सबैभन्दा उच्च वृद्धिदर विसं २०३८ को जनगणनामा रहेको ।)

१७. **एसियाली विकास बैङ्कको स्थापना कहिले भएको हो ?**
✍ सन् १९६६ डिसेम्बर १९ ।
- एडीबीमा सुरुमा ३१ राष्ट्र संलग्न रहेकोमा हाल एसियाका ४८ र अन्य १९ गरी ६७ राष्ट्र सदस्य रहेका ।
- यसको प्रधान कार्यालय फिलिपिन्सको मनिलामा रहेको ।
- सन् २०१५ को सुरुमा एडीबीमा जापानको १५.७ प्रतिशत, अमेरिकाको १५.६ प्रतिशत, चीनको ६.५ प्रतिशत, भारतको ६.५ प्रतिशत तथा अस्ट्रेलियाको ५.८ प्रतिशत लगानी रहेको ।

१८. **विसं २०७७ मङ्सिरमा सम्पन्न काठमाडौँ इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ)को १८औँ संस्करणमा अन्तर्राष्ट्रिय क्याटागोरीमा उत्कृष्ट फिल्मको उपाधि (पुरस्कार राशि २ लाख) जित्ने फिल्म कुन हो ?**
✍ द सिल्होटेज ।
- अन्तर्राष्ट्रिय विधामा 'द विलम्ड डटर' ले फर्स्ट रनर अप (१ लाख ५० हजार राशि) र 'बाटो'ले सेकेन्ड रनरअपको अवार्ड (एक लाख राशि) जितेका ।
- त्यस्तै, नेपाल पानोरमाअन्तर्गत 'सङ्स अफ क्लाउडस्'ले बेस्ट नेपाली फिक्सन स्टोरी फिल्मको अवार्ड (एक लाख राशि) जितेको ।

१९. **सार्क क्षेत्रको सबैभन्दा ठूलो ताल कुन हो ?**
✍ चिल्का ताल (भारत) ।

२०. **नेपालमा हात्तीपोलो प्रतियोगिता कहिलेदेखि सुरु भएको हो ?**
✍ सन् १९८२ ।

२१. **नेपालमा कृषक परिचयपत्र वितरण गर्ने कार्य कुन जिल्लाबाट सुरु गरिएको हो ?**
✍ बाग्लुङ ।

२२. **फिफा सर्वश्रेष्ठ खेलाडी (पुरुष)-२०२० घोषित हुन सफल खेलाडी को हुन् ?**
✍ पोल्यान्डका रोवर्ट लेवान्डोस्की ।
- त्यस्तै, इङ्ग्ल्यान्डकी लुसी ब्रोन्ज सर्वश्रेष्ठ महिला फुटबल खेलाडी घोषित भएकी ।



- लिभरपुलका युर्गेन क्लप सर्वश्रेष्ठ प्रशिक्षक घोषित भएका । उनले लगातार दोस्रोपटक सर्वश्रेष्ठ प्रशिक्षकको उपाधि जितेका ।
- नेदरल्यान्डलाई सन् २०१९ मा विश्वकपको फाइनलमा पुर्‍याउने सरिना विगम्यान सर्वश्रेष्ठ महिला प्रशिक्षक घोषित भएकी ।
- उत्कृष्ट गोलरक्षकको उपाधि जर्मनीका म्यानुअल नुअर र फ्रान्सकी सराह वाउहाडीले प्राप्त गरेका ।
- टोटेनहामबाट खेल्ने दक्षिण कोरियाका सन हियुङ मिनले बर्नलीविरुद्ध गरेको गोल सर्वश्रेष्ठ गोल घोषित भएको ।
- म्यानचेस्टर युनाइटेड तथा इङ्ग्ल्यान्डका फरवार्ड मार्कस र्‍यासफर्डलाई बालबालिका एवम् गरिबी उन्मूलन अभियान चलाएको भन्दै सम्मान गरिएको ।

२३. **'०' डिग्री देशान्तर रेखालाई प्रधान मध्याह्न रेखा भनिन्छ भने '०' डिग्री अक्षांश रेखालाई के भनिन्छ ?**
✍ भूमध्यरेखा ।

२४. **विश्वमा सबैभन्दा बढी भाषिक विविधता भएको महादेश कुन हो ?**
✍ अफ्रिका ।

२५. **विश्वमा सबैभन्दा बढी भाषा बोलिने देश कुन हो ?**
✍ भारत ।

२६. **साप्टा, बिम्सटेक, ट्रिप्स र साफ्टामध्ये विश्व व्यापार सङ्गठन (डब्लूटीओ) सँग कुन सम्बन्धित छ ?**
✍ ट्रिप्स ।

२७. **यस वर्ष (२०७७) को विकल्प वाङ्मय साहित्य पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ वरिष्ठ भाषासेवी शान्तदास मानन्धर ।
- (त्यस्तै, रमेश विकल सृजना पुरस्कार साहित्यकार तथा सौन्दर्यचिन्तक आहुति एवम् रमेश विकल कला सङ्गीत पुरस्कार वरिष्ठ कलाकार हरिप्रसाद शर्मालाई प्रदान गरिएको ।)

२८. **विश्व स्वास्थ्य सङ्गठनको सहकार्यमा स्वीस फाउन्डेसनद्वारा प्रदान गरिएको 'वर्ल्ड हेल्थ अवार्ड २०२०' बाट सम्मानित हुन सफल नेपाली चिकित्सक को हुनुहुन्छ ?**
✍ चिकित्सकद्वय डा. पशुपति महत र डा. अरूणराज कुँवर ।
- स्वास्थ्य क्षेत्रमा प्रभावकारी काम गर्ने डाक्टरलाई दिइने यो अवार्ड प्राप्त गर्ने उहाँहरू पहिलो नेपाली चिकित्सक हुनुहुन्छ ।
- डा. महत नेप्लिज एसोसिएसन अफ क्लिनिकल साइकोलोजिस्टका अध्यक्ष हुनुहुन्छ भने कुँवर कान्ति बाल अस्पतालमा बाल मानसिक रोग युनिटमा कार्यरत हुनुहुन्छ ।

२९. **सैपाल हिमाल र उराई भञ्ज्याङ कुन जिल्लामा रहेका छन् ?**
✍ बझाङ ।

३०. **चीनको साङ्घाईमा आयोजना गरिएको इसीआई अवार्ड २०२० समारोहमा इसीआई मार्केटिङ इनोभेसन अवार्ड जित्ने नेपाली संस्था कुन हो ?**
✍ आउटरिच नेपाल ।
- (यो अवार्ड आउटरिचले गरेको बेसिक ह्युम्यानिटी प्रचार अभियानका लागि प्रदान गरिएको कम्पनीको जनाएको ।) ■

प्रस्तुतकर्ता : टङ्क केसी

## • विषयगत प्रश्नोत्तर

# खर्च व्यवस्थापन

१. **खर्च व्यवस्थापन भनेको के हो ? यसमा सुधार गर्नुपर्ने क्षेत्रहरू के-के हुन् ? लेख्नुहोस् ।**
✍ चालु खर्चमा अनुत्पादक खर्च घटाउने, मितव्ययिता कायम गर्ने, पुँजीगत खर्चमा पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्दै खर्चलाई उपलब्धिमूलक बनाउने कार्य खर्च व्यवस्थापन हो । यो साधन-स्रोतको दक्षता अभिवृद्धि गर्ने कार्य हो । यसले सार्वजनिक खर्चलाई फराकिलो प्रभाव पर्ने, छिटोछरितो प्रतिफल दिने, प्राथमिकताका क्षेत्रमा साधन विनियोजन गर्न जोड दिन्छ ।

● **यसमा सुधार गर्नुपर्ने क्षेत्रहरू**
- क. बजेट विनियोजन
- ख. बजेट निकासा
- ग. निर्णय प्रक्रिया
- घ. लेखा र लेखा परीक्षण
- ङ. वित्तीय सूचना प्रवाह
- च. अनुगमन र मूल्याङ्कन ।

२. **प्रहरी महानिरीक्षकले गर्ने कार्यहरू के-के हुन् ? लेख्नुहोस् ।**
✍ सार्वजनिक शान्ति, सुरक्षा, प्रहरी सङ्गठनको सुधार, प्रहरी कर्मचारी व्यवस्थापन, विपत् व्यवस्थापनका कार्य, सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रियस्तरमा सहभागितालगायतका कार्यहरू प्रहरी महानिरीक्षकका कार्य हुन् । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

● **क. सार्वजनिक शान्ति, सुरक्षासम्वन्धी कार्य**
- सामाजिक सद्भाव बिथोल्ने, सुरक्षा प्रतिकूल, गैरकानुनी एवम् गम्भीर आपराधिक क्रियाकलाप र असाधारण अवस्थाको राजनीतिक गतिविधिसम्बन्धी प्रतिवेदन यथाशीघ्र गृह मन्त्रालयमा पठाउने,
- सुरक्षा प्रतिकूल, गैरकानुनी एवम् आपराधिक क्रियाकलापको रोकथाम तथा नियन्त्रण गर्नेसम्बन्धमा आवश्यक योजना तर्जुमा गरी प्रभावकारी रूपमा लागू गर्ने, गराउने,
- प्रहरीले अनुसन्धान गर्ने भनी तोकिएका अपराधहरूको अनुसन्धान प्रभावकारिता अभिवृद्धि गर्नका लागि आवश्यक नीति तथा योजना बनाई कार्यान्वयन गर्ने, गराउने,
- मानवअधिकारको संरक्षण सम्बर्द्धन गर्ने, गराउने, असहाय, महिला तथा बालबालिकाका हक-अधिकार संरक्षणसम्बन्धी विशेष योजना बनाई कार्यान्वयन गर्ने, गराउने,
- देशको आन्तरिक शान्ति सुव्यवस्थासँग सम्बन्धित विषयमा नेपाल सरकारलाई राय सल्लाह दिने,
- नेपाल सरकारबाट प्राप्त निर्देशनअनुरूप कार्यसम्पादन गरी प्रतिवेदन पेस गर्ने ।

● **ख. प्रहरी सङ्गठनको सुधार एवम् कर्मचारी व्यवस्थापनका कार्य**
- प्रहरी प्रधान कार्यालय र सोमातहतका सबै प्रहरी कार्यालयहरूमा सामान्य नियन्त्रण, रेखदेख गर्ने र निर्देशन दिने, प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायव महानिरीक्षकहरूको काम-कारबाहीउपर उचित रेखदेख तथा नियन्त्रण गर्ने,
- प्रहरी सङ्गठनको काम-कारबाहीलाई प्रभावकारी बनाउन आदेशको शृङ्खलालाई प्रभावकारी रूपमा लागू गर्ने, गराउने, मातहत प्रहरी कार्यालयहरूबीच समन्वय र सहयोगको वातावरण कायम गर्ने, गराउने,
- प्रहरी कर्मचारीहरूको आचरण तथा अनुशासन कायम राख्न, कार्यदक्षता एवम् कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न, कर्तव्यनिष्ठ बनाउन एवम् मनोबल उच्च राख्न आवश्यक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,
- प्रहरी कार्यालय तथा प्रहरी कर्मचारीहरूको कामको मूल्याङ्कन गरी सजाय, पुरस्कार, सरुवा, बढुवालगायतका वृत्तिविकासका कार्य गर्ने, गराउने,
- प्रहरी सेवालाई समयानुकूल र जनमुखी बनाउन नीति एवम् योजना तर्जुमा गरी लागू गर्ने, गराउने,
- प्रहरी कर्मचारीहरूको पीर-मर्का व्यवस्थापनको उचित व्यवस्था गर्ने, गराउने,
- प्रहरी कर्मचारीहरूलाई आवश्यक पर्ने समयानुकूल प्रशिक्षणको व्यवस्था गर्ने,
- वर्षमा एकपटक प्रत्येक क्षेत्रभित्रका कम्तीमा तीन जिल्लाका प्रहरी कार्यालयहरूको निरीक्षण गर्ने र सोको प्रतिवेदन गृह मन्त्रालयमा पठाउने,
- प्रहरी प्रशासनको वार्षिक प्रतिवेदन गृह मन्त्रालयमा पठाउने ।

● **ग. विपत् व्यवस्थापनका कार्य**
- विपत् व्यवस्थापन र पीडितको उद्धार कार्यमा प्रहरीलाई तदारुकतासाथ संलग्न गराउने ।

● **घ. अन्तर्राष्ट्रियस्तरमा सहभागिताका कार्य**
- सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रियस्तरको कार्यशाला, गोष्ठी, तालिम तथा अध्ययन आदिमा नेपाल प्रहरीको सहभागिताका लागि गृह मन्त्रालयसमक्ष राय एवम् सिफारिस पेस गर्ने,
- अन्तर्राष्ट्रिय समुदायबाट शान्ति स्थापनार्थ नेपाल प्रहरीको माग भई आएमा नेपाल सरकारबाट स्वीकृति भएबमोजिम खटाउने व्यवस्था मिलाउने, अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनसँग सम्पर्क तथा समन्वय कायम राख्ने,

३. **वित्त कम्पनीले गर्न सक्ने बैङ्किङ तथा वित्तीय कारोबारहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालमा बैङ्क तथा वित्तीय संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, निरीक्षण तथा सुपरीवेक्षणलाई व्यवस्थित गर्न तर्जुमा गरिएको बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन-२०७३ ले बैङ्क तथा वित्तीय संस्थालाई "क" वर्ग, "ख" वर्ग, "ग" वर्ग र "घ" वर्गमा विभाजन गरेको छ । जसमा वाणिज्य बैङ्क र पूर्वाधार विकास बैङ्कलाई "क" वर्ग, विकास बैङ्कलाई "ख" वर्ग, वित्त कम्पनीलाई "ग" वर्ग र लघुवित्त संस्थालाई "घ" वर्गमा राखेको पाइन्छ । यसैअन्तर्गत "ग" वर्गमा पर्ने वित्त कम्पनीले गर्न सक्ने बैङ्किङ तथा वित्तीय कारोबारलाई निम्नअनुसार उल्लेख गर्न सक्नेछ :
- निक्षेप स्वीकार गर्ने, परिचालन गर्ने, भुक्तानी दिने,
- विद्युतीय उपकरणको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने, रकमान्तर गर्नेलगायतका कार्य गर्ने,
- हायर पर्चेज, लिजिङ, हाउजिङजस्ता कर्जा दिने,
- आफ्नो चल-अचल सम्पत्ति धितो राखी कर्जा लिने,
- आफ्नो जायजेथाको उचित प्रबन्ध गर्ने, बिक्री गर्ने, बहालमा दिने,
- विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट तथा अन्य वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउन्ट गर्ने, खरिद बिक्री गर्ने,
- विदेशी मुद्राको कारोबार गर्ने,
- नेपाल राष्ट्र बैङ्कबाट आवश्यकताअनुसार पुनर्कर्जा लिने तथा
- अन्य बैङ्क एवम् वित्तीय संस्थाबाट कर्जा लिने दिने,
- प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,
- पुँजी कोष पूरा गर्ने प्रयोजनका लागि सेयर, डिबेन्चर, ऋणपत्र आदि जारी गर्ने,
- नेपाल सरकार तथा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने, सकार गर्ने,
- सवारीसाधन, मेसिन औजार, उपकरण, घरायसी टिकाउ सामान, त्यस्तै अन्य चल सम्पत्तिका लागि किस्ताबन्दी तथा हायर पर्चेज कर्जा उपलब्ध गराउने,
- ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सोबापत ग्राहकसँग आवश्यक सर्त गराउने, सुरक्षण लिने, चल-अचल सम्पत्ति धितो बन्धक लिने तथा तेस्रो व्यक्तिको जेथा जमानत लिने,
- आफ्नो सम्पत्तिको कुनै अंश वा पूरै बिक्री गर्ने, लिजमा दिने,
- ग्राहकको निमित्त कमिसन एजेन्ट भई सेयर, डिबेन्चर, सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, सेयरको लाभांश, डिबेन्चर, सुरक्षणको व्याज आदि उठाइदिने र सोको लाभांश, मुनाफा, व्याज नेपालभित्र वा विदेशमा पठाउने,
- विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवीप्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानका लागि व्यक्तिगत तथा सामूहिक जमानीमा नेपाल राष्ट्र बैङ्कले तोकेबमोजिमको रकमसम्म कर्जा दिने ।

४. **नेपालको संविधानले नेपालमा कृषि र भूमिसुधारसम्बन्धी के कस्तो नीति अङ्गीकार गरेको छ ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा ५१ (ङ) ले नेपालमा कृषि र भूमिसुधारसम्बन्धी देहायको नीति अङ्गीकार गरेको छ :
- भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने,
- किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,
- अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्ने,
- जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- किसानको हकहित संरक्षण र सम्बर्द्धन गर्ने,
- कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गर्ने,
- भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,
- भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,
- कृषकका लागि कृषिसामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

५. **वातावरण व्यवस्थापनका लागि सरकारी, निजी क्षेत्र र सामुदायिक सङ्गठनहरूको भूमिका उल्लेख गर्नुहोस् ।**
✍ प्राकृतिक स्रोत-साधनहरूमा नकारात्मक प्रभाव नपारी सन्तुलन कायम गर्ने कार्य वातावरण व्यवस्थापन हो । यस कार्यमा




सरकारी क्षेत्र, निजी क्षेत्र र सामुदायिक सङ्गठनहरूको ठूलो भूमिका हन्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

● **सरकारी क्षेत्रको भूमिका**
- वन-जङ्गल, जलाधार, पानी पोखरीको संरक्षण गर्ने,
- जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित् विकासको अवधारणा अवलम्बन गर्ने,
- विकास निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गर्ने,
- वायु प्रदूषण, जल प्रदूषण, ध्वनि प्रदूषण, भू-प्रदूषण, खाद्य प्रदूषण, औद्योगिक प्रदूषण रोक्न गुणस्तर तथा मापदण्ड तय गर्ने,

● **निजी क्षेत्रको भूमिका**
- सरकारले लागू गरेका नीति, कानुन तथा मापदण्ड पालना गर्ने,
- उद्योग, कलकारखानाबाट निस्कने फोहोरको उचित व्यवस्था गर्ने,
- वातावरणमैत्री सार्वजनिक निर्माणकार्य गर्ने,
- सामाजिक उत्तरदायित्व वहन गर्ने,
- सामुदायिक सङ्गठनहरूको भूमिका
- प्राङ्गारिक मलको प्रयोगमा जोड दिने,
- गाउँघरमा शौचालय र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- वनविनाश हुनबाट रोक्ने,
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न सहयोग गर्ने ।

६. **संयक्त राष्ट्रसङ्घका उद्देश्यहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ सन् १९४५ अक्टोबर २४ मा स्थापना भएको संयुक्त राष्ट्रसङ्घका उद्देश्य निम्न छन् :
- अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नु,
- राष्ट्रहरूबीच मैत्रीपूर्ण सम्बन्ध विकसित गर्नु,
- राष्ट्रहरूबीच समानताको स्थिति सिर्जना गर्नु,
- अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्नु,
- मानवको मर्यादा र मूल्यमा अभिवृद्धि गर्नु,
- मानव समुदायलाई युद्धको प्रकोपबाट जोगाउनु,

७. **पोषणयुक्त खानाका स्रोतहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ शरीरलाई शक्ति प्रदान गर्न, शरीर वृद्धि गर्न एवम् शरीरको रक्षा गर्न आवश्यक पर्ने कार्बोहाइड्रेट्स, प्रोटिन, चिल्लो पदार्थ, खनिज, भिटामिन र पानीको सन्तुलित मात्रा भएको खाना पोषणयुक्त खाना हो । पोषणयुक्त खानामा पौष्टिक तत्त्व हुने गर्छ । शरीरका अङ्ग परिचालन गर्न एवम् रोगबाट बच्न पौष्टिक तत्त्वको आवश्यकता पर्छ । यसका स्रोतहरू निम्न छन् :
● क. शरीरलाई शक्ति दिने खाना जस्तै : मकै, गहुँ, चामल, जौ, आलु, कोदो, फापर, घिउ आदि ।
● ख. शरीर वृद्धि गर्ने खाना जस्तै : मासु, फुल, माछा, दुध, दाल, गेडागुडी आदि ।
● ग. शरीरको रक्षा गर्ने खाना जस्तै : सागपात, फलफूल । ■

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

QUESTION BANK NEPAL